**आ.व.२०८१/०८२, मिति २०८२/०३/०८ गते, गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :**

१. आगामी आ. व. २०८२/८३ को नीति तथा कार्यक्रम सम्बन्धमा।

२. भु-उपयोग योजना तथा जग्गा वर्गीकरणको कार्यप्रतिवेदन सम्बन्धमा।

३. गाउँपालिकामा मालपोत कार्यालय स्थापनाका लागि माग सम्बन्धमा।

४. स्वास्थ्य बिमा संयोजन समिति गठन सम्बन्धमा।

५. १५ सैय्या अस्पताल ठेक्का म्याद थप सम्बन्धमा।

**आ.व.२०८१/०८२, मिति २०८२/०३/०८ गते, गाउँ कार्यपालिका बैठकका निर्णयहरु :**

**१. नं. निर्णय:** बजेट तथा कार्यक्रम समितिबाट पेश भएको आगामी आ. व. २०८२/८३ को नीति तथा कार्यक्रममा आवश्यक अध्ययन, विश्लेषण र संसोधन गरी स्वीकृतीका लागि सभामा पेश गर्ने।

**२. नं. निर्णय:** यस गाउँपालिकाको भौगोलिक लगायतका विभिन्न अवस्थाहरुको आधारमा तथ्यपरक रुपले जग्गा वर्गीकरण र भु-उपयोग क्षेत्रहरुको एकिन गर्न परामर्शदाताबाट प्राप्त कित्ता नं सहित प्राप्त **"कुमाख गाउँपालिकाको भु-उपयोग योजना तर्जुमा कार्य प्रतिवेदन"** माथि सात (७) दिनभित्र सरोकारवाला व्यक्ति वा संस्थाहरुको लिखित राय, सुझाब उपलब्ध गराईदिनुहुन भनि गाउँकार्यपालिकाको १८औं बैठकको निर्णयानुसार मिति २०८२/०२/३० गते सार्वजनिक सूचना प्रकाशन गरिएकोले प्राप्त लिखित राय, सुझाव समेटि उक्त प्रतिवेदन स्वीकृत गर्ने र उक्त परामर्श सेवाको भुक्तानीको प्रक्रिया अगाडि बढाउने। साथै, उक्त योजना आगामी आ. व. देखि गाउँपालिकामा लागु गर्ने र सोको प्रतिवेदन सार्वजनिकीकरण तथा प्रकाशन गर्ने।साथै, तालुक लगायतका सम्बन्धित कार्यालयहरुमा जानकारी तथा सहजीकरणका लागि सप्रेषण गर्ने।

**३. नं. निर्णय:** यस गाउँपालिकाका विभिन्न क्षेत्रहरुको जग्गाको कारोबार, कित्ताकाट लगायतका भुमि सम्बन्धी कार्य तथा समस्याहरुको समाधान गर्न यस गाउँपालिका अन्तर्गत मालपोत कार्यालय स्थापना गरी सहयोग गरिदिनुहुन भनि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाडौंलाई अनुरोध सहित माग गर्ने।

**४. नं. निर्णय:** **"कुमाख गाउँपालिका स्वास्थ्य बिमा संयोजन समिति गठन/सञ्चालन कार्यविधि, २०८१"** को परिच्छद-२ को दफा ३ उपदफा (१) बमोजिम तपसिल अनुसारको स्थानीय स्वास्थ्य बिमा संयोजन समिति गठन गर्ने।

(क) श्री मान बहादुर बुढाथोकी, गाउँपालिका अध्यक्ष - संयोजक

(ख) श्री लाल बहादुर रावत, गाउँपालिका उपाध्यक्ष -सदस्य

(ग) श्री दिलिप कुमार सोनी, प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) श्री अप्राजिता सिंह, मेडिकल अधिकृत -सदस्य

(ङ) श्री केवल बहादुर राना, ३ नं वडाध्यक्ष -सदस्य

(च) श्री ………………., दर्ता अधिकारी बिमा बोर्ड -सदस्य

(छ) श्री मान सिंह ओली, स्वास्थ्य शाखा प्रमुख -सदस्य-सचिव

**५. नं. निर्णय:** यस गाउँपालिका अन्तर्गतको Construction of Kalagau Primary Health Center 15 Beded Hospital at Kumakh Rural Municipality ठेक्का नं. KRM-NCB-W-10-2077/078 को म्याद थपको कारण सहित निवेदन प्राप्त भएकोले मिति २०८२।४।०१ देखि मिति २०८३।०३।३० गतेसम्म म्याद थप गर्ने।

**आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।**